त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering

# डीनको कार्यालय
# OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

मिति: २०८०।०५।०९

## सार्वजनिक विज्ञप्ति

त्रिभुवन विद्यालय (त्रि. वि.), इन्जिनियरिंग अध्ययन संस्थान (ई.अ.सं.)ले यसै वर्षबाट भर्ना हुने नयाँ विद्यार्थीहरुलाई लागु हुने गरी आंगिक क्याम्पसको बि.ई./बि.आर्क भर्ना शुल्कमा गरिएको समायोजनपश्चात सरोकारवाला पक्षहरुबाट भएका ध्यानाकर्षणलाई हामीले गम्भीर रुपमा लिएका छौँ। बि. सं. २०५४ सालमा पूर्णशुल्कीय कार्यक्रम सुरुवात गर्दा कायम गरिएको भर्ना शुल्कमा सामान्य हेरफेरबाहेक विगत २६ वर्षयता शुल्कमा केहि तात्त्विक परिवर्तन भएको छैन। नेपाल सरकारले दिँदै आएको विकास बजेटमा निरन्तर कटौती, बढ्दो विद्यार्थी संख्या अनुपातमा अपुग शिक्षक कर्मचारीको स्थायी दरवन्दी संख्या, शिक्षक कर्मचारीको तलबवृद्धि, बजारमा देखिएको मूल्यवृद्धि र मुद्रास्फीति इत्यादी कारणहरुले गर्दा ई.अ.सं. का आंगिक क्याम्पसहरुले चालु खर्चसमेत धान्न नसकिरहेको यथार्थ आज हामी सामु रहेको छ। नियमित आर्थिक स्रोत सुनिश्चित गर्न यस बिचमा ई.अ.सं.तर्फबाट सम्बन्धित निकायहरुसंग विभिन्न पहल र बारम्बार अनुरोध पनि भएका छन्।

कोभिड-१९ को महामारीले गर्दा छ महिना पछाडी धकेलिएको ई.अ.सं.को शैक्षिक क्यालेन्डर व्यवस्थित गर्न आगामी मङ्सिर महिनाबाट नयाँ विद्यार्थीलाई अध्यापन सुरु गर्ने लक्ष्यसहित यसै वर्षदेखि अनिवार्य इन्टर्नशीपको व्यवस्था भएको नयाँ पाठ्यक्रम; विद्यार्थीहरुलाई दिँदै आएको छात्रवृत्तिसहितको सुविधामा अभिवृद्धि; तर्जुमा गरिएको पन्चवर्षे योजनाबमोजिम भौतिक संरचना तथा प्रयोगशालाहरुको निर्माण तथा स्तरोन्नति; अध्ययन-अध्यापनमा नवीनतम प्रविधिको अवलम्वन; विद्यार्थीहरुलाई अनुसन्धानात्मक कार्यमा आर्थिक सहयोग गर्नेजस्ता महत्वपूर्ण योजनाहरु तर्जुमा गरिएको छ। गौरवपूर्ण इतिहास बोकेको यस संस्थालाई आर्थिक रुपमा धरासयी हुनबाट जोगाउनु हामी सबैको साझा कर्तव्य र दायित्व हो। तसर्थ संस्थाको आर्थिक स्थायित्वप्रति जिम्मेवार हुँदै ई.अ.सं.बाट गठित "बि.ई./बि.आर्क भर्ना शुल्क पुनरावलोकन समिति - २०८०" को सिफारिसको आधारमा बि.ई./बि.आर्क भर्ना शुल्कवृद्धि गरिएको व्यहोरा सबैमा जानकारी गराउदछौ।

सोहि सन्दर्भमा, त्रि.वि., ई.अ.सं. ले मिति २०८०/०५/०५ देखि संचालन गरेको बि.ई/बि.आर्क. प्रवेश परीक्षा र सार्वजनिक गरेको भर्ना शुल्क सम्बन्धमा सरोकारवाला पक्षहरुबाट चासो र विरोध व्यक्त गरिएकाले, बि.ई/बि.आर्क. प्रवेश परीक्षा सम्बन्धि २०८०/०५/१९ पछिका सम्पूर्ण पुर्वप्रकाशित तालिकाहरु अर्को सूचना प्रकाशित नहुँदासम्मका लागि स्थगन गरिएको यसै सूचनामार्फत जानकारी गराइन्छ। साथै, सरोकारवाला पक्षहरु (प्राध्यापक, कर्मचारी तथा विद्यार्थी) तथा आन्दोलनरत संघ/संगठनहरुलाई छलफल तथा वार्तामा सम्मिलित भई उचित निकाससहित शैक्षिक वातावरण कायम गर्न हार्दिक अपिल गर्दछौँ।

-----------------------------------
शशीधर राम जोशी, पि.एचडी.
प्राध्यापक तथा डीन